सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक २०४ ♦ २०८१ साल फागुन २१ गते बुधवार ♦ 5 March 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# रातु खोलाको उत्खनन मापदण्डअनुसार गरिएको छ : अनुगमन समिति



**खबर दर्पण समाचारदाता**

**फागुन २० गते, बर्दिवास**

रातु खोलाको उत्खनन मापदण्डअनुसार रहेको जिल्ला अनुगमन समितिका संयोजक एवं जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनलाल कर्णले बताएका छन् ।

उनले रातु खोलाको लगाइएको चार वटै प्याकेजको सामूहिक नाप जाँच गर्दा मापदण्ड अनुसार तीन फिटको परिधिमा रहेर उत्खनन गरेको पाइएको बताए ।

रातु खोला उत्खननको विषयलाई लिएर अहिले बर्दिवासमा व्यापक चर्चा चलेर विवाद उत्कर्षमा पुगेको बेला उत्खनन क्षेत्रको अनुगमन गरिएको हो ।

बर्दिबास नगर प्रमुख प्रह्लाद क्षेत्रीको सहभागितामा जिल्ला अनुगमन समितिका संयोजक एवं जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनलाल कर्ण ,अनुगमन समितिका सह-संयोजक तथा प्रजिअ लालबाबु कवाडी, सशस्त्र र नेपाल प्रहरीका एसपी पूर्णचन्द्र भट्ट र नकुल पोखरेल लगायतको टोलीले मंगलवार स्थलगत अनुगम तथा नाप जाँच गरेका हुन् ।

बर्दिबास नगरपालिकाले चालु आर्थिक वर्ष (०८१/०८२) का लागि रातु नदीको चार वटा प्याकेज करिब आठ करोड ४० लाख रुपियाँ ठेक्का गरेदेखि विरोध भइरहेको छ।

नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत राममणि अधिकारीका अनुसार प्रतिवेदनअनुसार नदीका दुवै किनाराबाट ५०-५० मिटर छाडेर त्यसबिच तीन फिट गहिराइमा करिब दुई लाख ९४ हजार ६८१ घन मिटर उत्खननको ठेक्का लगाइएको हो।

चारवटै खण्डको माघ महिनामा ठेक्का सम्झौता भए यता रातु खोलामा मापदण्ड विपरित उत्खनन भइरहेको भनि व्यापक चर्चामा चलेको छ। चार वटै खण्डमा मापदण्डको पालना नगरिएको, तीन फिट बढी उत्खनन गरिएको र रातको समय पनि उत्खनन भएको भन्दै केही राजनीतिक दल र स्थानीयले विरोध गरेपछि उत्खनन क्षेत्रको अनुगमन गरिएको प्रजिअ लालबाबु कवाडीले बताए।

जिल्ला अनुगमन समितिको टोलीले मङ्गलबार करिब चार घण्टा अनुगमन गरेर उत्खननबारे बुझ्ने काम गरेको थियो।

रातु खोलामा विपद्का हिसाबले जोखिमको अवस्था पहिचान गर्दै वर्षाको समयमा हुँनसक्ने जोखिम न्युनिकरण गरी नगर बिकाशकालागी आर्थिक उपार्जन समेत गर्न बर्दिवास नगरपालिकाले रातुनदीको चारै खन्डमा यसबर्ष ठेक्का लगाएको छ ।





# ब्रम्हलुट मच्चाउने पूर्वाधार विकास कार्यालय महोत्तरीमा तालाबन्दी गर्ने ज्ञापन

**खबर दर्पण समाचारदाता**

**फागुन २० गते, बर्दिवास**




मधेश प्रदेश सरकारले बिचौलियामार्फत योजना बिक्री गरिरहेको चौतर्फी आलोचना भइरहेको बेला पूर्वाधार विकास कार्यालय महोत्तरीमा वडा अध्यक्ष र पूर्व मेयरहरुले तालाबन्दी गर्ने चेतावनीसहितको ज्ञापन प्रमुख जिल्ला अधिकारीलाई बुझाएका छन् ।

महोत्तरी जिल्लाका विभिन्न पालिकाका वडा अध्यक्ष र पूर्वमेयर/अध्यक्षहरुले सोमबार प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीलाई बुझाएको ज्ञापन पत्रमा योजना बिक्री गर्ने कार्य तत्काल नरोकिए बुधबार पूर्वाधार कार्यालयमा तालाबन्दी गर्ने चेतावनी दिएका छन् ।

महोत्तरी जिल्लाको पूर्वाधार कार्यालयमार्फत ४ सय २१ योजना पठाइएको छ ।

त्यसमध्ये १ सय ५६ वटा योजनाको सम्झौता भइसकेको कार्यालय प्रमुख राजेशलाल कर्णले बताएका छन् । अन्य सबै पत्र पठाइसकिएको उनले बताए । २७ वटा टेण्डरबाट काम थालिएको बताउँदै कर्णले भने, राजनीतिक विषय भएकाले आफू मुछिएको मात्र हो। 'मन्त्री र सांसदहरुको सिफारिसमा मन्त्रालयसितको समन्वयमा योजना वितरण गरिएको छ' उनले भने, पालिका र वडा कार्यालयमार्फत नै आएको पत्र बमोजिम सम्झौता हुने गरेको छ ।

ज्ञापनपत्र बुझाउने वडा अध्यक्ष र पूर्व मेयर/अध्यक्षहरुले वडामा भेलागरि उपभोक्ता समिति गठन नगरि वडा अध्यक्षहरुमाथि अनावश्यक दबाब र प्रलोभन देखाउने गरिएको बताएका छन् । कतिपय योजना वडामा र कतिपय योजनाको पालिकाबाट सोझै सिफारिस लिने गरिएको ज्ञापन पत्रमा उल्लेख छ ।

पूर्वाधार कार्यालयका प्रमुख कर्णले बिचौलियामार्फत अग्रिम रकम लिने गरेको आरोपसमेत लगाइएको छ । बीस प्रतिशत अग्रिम रकम दिनेहरुले मात्र योजना पाएको औरही नगर पालिकाका पूर्व मेयर समेत रहेका नेपाली कांग्रेसका नेता सुनिल रायले बताएका छन् ।

'एउटै चलानी नम्बरको कयौं पत्र वडा कार्यालयहरुमा पुगेका छन्' उनले भने, एउटै योजनाका पत्र दुईजनाले ल्याएर उपभोक्ता समिति गठन गर्न दबाब दिने गरेका छन् ।

जिल्ला प्रशासन कार्यालयमा कार्यालय प्रमुख कर्णले आफूसित हस्ताक्षर कार्यादेशमा गराएर सचिवालयबाट वितरण गरिएको स्वीकारेको रायले दाबी गरे । तर कर्णले राजनीतिक विषय भएकाले यसमा आफ्नो कुनै स्वार्थ नभएको मात्र बताएको प्रष्ट गरेका छन् । सम्सी गाउँपालिका, औरही नगर पालिका, रामगोपालपुर नगर पालिका, सोनमा गाउँपालिका र मनरासिसवा नगरपालिकाका गरी १७ जना वडा अध्यक्षहरुले संयुक्त रुपमा हस्ताक्षर गरेको ज्ञापन पत्र बुझाएपछि चरणबद्ध रुपमा आन्दोलन गर्ने चेतावनी दिएको छ ।

ज्ञापन पत्र बुझेका प्रजिअ कवारीले कार्यार्थ पूर्वाधार कार्यालयलाई र बोधार्थ पूर्वाधार विकास मन्त्रालय मधेश प्रदेशलाई पत्र पठाएको छ । कार्यालय प्रमुख कर्णलाई पार दर्शी रुपमा नियमसम्मत मात्र काम गर्न निर्देशन समेत दिएका छन्। 'मन्त्रीले भन्दैमा मैले भार तीय नागरिकलाई नागरिकता दिन मिल्छ' ? प्रजिअ कवारीले कर्णलाई सोधे, गैरकानुनी काम गर्न मन्त्रीले भन्दैमा फस्ने आफै हो ।

सहभागी एकजना नेताले बताए। कर्णले सबै पत्र हस्ताक्षर गराएर सचिवालयमा लगिएको र त्यहाँबाट नै बितरणको कार्य भैरहेको बताउँदै आफू पन्छिने प्रयास गरेपछि प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले सचेत गराए । रातो किताबमा उल्लेख रहेको वडाको योजनाको अन्य वडामा उपभोक्ता समिति गठन गराएको आरोप वडाअध्यक्षहरुले लगाएका छन्।

योजना बिक्रीमा डाक बढाबढ गराएर एउटै योजनाको पत्र दुई जनाले लिएर वडामा पुग्ने गरेको वडाअध्यक्षहरुको कथन छ । तर प्रमुख कर्णले रित पुऱ्याएर नै सबै योजनाको पत्र काटिएको बताए । दोहरो सिफारिस भएको अथवा एउटै दर्ता नम्बर दोहरिएको पत्र कार्यालयमा ल्याइए सच्चाइने उनले जनाए ।

भ्रष्टाचारको आरोप लाग्नेमा पहिलो वरियतामा पर्ने कर्णले सम्झौता गर्ने काम धमाधम भइरहेको बताउँदै स्टिमेट गर्ने कामपनि थालिएको बताए । मधेश प्रदेशको योजनाहरु बिक्री हुने कारण बढी बदनाम भएको जनाउँदै चालु आर्थिक वर्षमा उपभोक्ता समितिबाट काम नगराउने बजेट र नीति तथा कार्यक्रममा उल्लेख गरिएको थियो ।

नीति तथा कार्यक्रम र बजेटमा पारदर्शी ढंगले प्रतिस्पर्धाबाट विकास निर्माणको काम हुने प्रदेशसभाबाट पास भएकोमा सरकारले पुस महिनामा संकल्प प्रस्ताव पारितगरि त्यसलाई उल्टाएर उपभोक्ता मार्फत काम गराउने बाटो खुल्ला गरेको हो । मधेश प्रदेशमा विगतमा भएको योजना बेचबिखनको सबै रेकर्ड चालु आर्थिक वर्षमा नाघेको छ ।

केही मन्त्रीले जिल्लागत रुपमा नै दलाल परिचालन गरेका छन् । योजना राख्ने नेता र कर्मचारी समेत खरिद बिक्रीमा पछि परेका छन्। एउटाले योजना राखेको र अर्कैले काम पाएको बताउन थालिएको छ । मधेश प्रदेशमा योजना वितरण नभइ खरिद बिक्री हुने गरेको नेताहरु स्वीकारेका छन् ।

प्रदेश सरकारको हालसम्म १७ प्रतिशतको हाराहारीमा मात्र बजेट खर्च भएको छ।

## अध्यादेश ल्याउनुपर्ने अवस्था छैनः झलनाथ खनाल

नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले अध्यादेश ल्याउनुपर्ने अवस्था नरहेको बताएका छन्।

पूर्वप्रधानमन्त्री समेत रहेका खनालले जनकपुरधाममा मंगलबार संचार कर्मीहरुसंग कुरा गर्दै समान्य प्रक्रियाबाट ल्याउन सकिने ऐनलाई जबर जस्ती अध्यादेशबाट ल्याउनु औचित्यहिन रहेको बताएका छन्।

उनले भने,'अध्यादेश ल्याउनकालागि विशेष परिस्थिती हुनुपर्ने हुन्छ तर अहिलेको अवस्थामा त्यस्तो नदेखिएकोले हाम्रो पार्टीले पनि यसको समर्थन गरेको छैन ।'

उनले पार्टीले तत्काल कुनै पनि पार्टीसंग एकता गर्ने पक्षमा नरहेको बताए। यद्यपि कार्यगत एकता जोसंग पनि सम्भव छ,' खनालले भने, 'मुद्दामा आधारित रहेर कार्यगत एकता गर्न सकिन्छ ।' एजेण्डाको आधारमा कार्यगत एकता गर्न सकिने बताउँदै खनालले राष्ट्रियतामाथि खतरा बढेको पनि बताए । सबै वामपन्थीहरू मात्र होइन, अरु पनि किन एकताबद्ध भएर उभिन सकेका छैनन् भन्ने प्रश्न खनालले गरे ।

पार्टी भित्र फुट हुन सक्ने प्रश्नमा उनले पार्टी टुटफुट हुदै रहन्छ यसलाई कसैले रोक्न सक्दैन,सबै पार्टीहरु फुटेको अवस्था रहेकोले विभाजीत भइहाल्दै भन्दैमा यो ठुलो कुरा नरहेको बताए।

एक अर्को प्रसंगमा खनालले वर्तमान सरकार संकटको पोका बोकेर हिँडेको आरोप लगाए । जसको पछिल्लो उदाहरण केही साता अगाडी जारी गरिएको अध्यादेश रहेको बताए ।-खबर दर्पण

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# पुनर्स्थापना जागरण अभियान : हरवा चरवाहाको माग सम्बोधन गर्न नगर प्रमुखलाई बुझाइयो ज्ञापनपत्र

**ममता विश्वकर्मा**

**फागुन २० गते, बर्दिवास**

मुक्त हरवाचरवाहाको न्यायिक पुनर्स्थापनाका माग सहित मंगलवार जलेश्वर नगर पालिकाका नगर प्र्मुख सुरेह साह सोनार समक्ष ज्ञापनपत्र बुझाइएको छ। "मुक्त हरवाचर वाहाको न्यायिक पुनर्स्थापना हाम्रो सरोकार ।

शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार" भन्ने मुल नाराका साथ मधेश प्रदेशका ८ वटै जिल्लाका ३२ पालिकाहरुमा मुक्त हरवाचरवाहाको न्यायिक पुनर्स्थापना का माग सहित जागरण अभियान फागुन १८ गते देखि शुरु भएको छ। सोही अन्तर्गत पालिका स्तरिय हरवा चरवाहा अधिकार मंच जलेश्वर ले ज्ञापनपत्र मार्फत आफ्नो माग पालिका प्रमुखलाई बुझाएको उपाध्यक्ष सिता सदाले बताइन्।

हरवा चरवाहाको न्यायिक पुनर्स्थापना को माग राखी मधेस प्रदेशका विभिन्न पालिकालाई ज्ञापनपत्र बुझाएको महोत्तरी जिल्ला सहजकर्ता ममता बिश्वकर्माले जानकारी दिइन्। यसै गरि मधेस प्रदेशमा शुरु भएको जागरण अभियान अन्तर्गत पर्साको पकहा मैनपुर , बाराको करैयामाइ , रौतहटको बृन्दाबान , र सिरहाको औरही पालिकाहरुमा ज्ञयापन पत्र बुझाएको हो ।

पर्साको पकहा मैनपुरमा मुक्त हरवा चरवा कमिटीको केन्द्रिय सदस्य खुबलाल रामको नेतृत्वमा गएको टोलिले प्रमुख प्रशासकिय अधिकृत देवनाथ साहलाइ ज्ञापनपत्र बुझाउदै संघ र प्रदेश सरकारसंगको समनवयमा स्थानीय सरकार द्वारा मुक्त हरवाचरवाको



वास्तविक तथ्यांक संकलन गरी उनीहरूलाई बर्गिकृत परिचय पत्र प्रदान गरिनुपर्ने, मुक्त हरवाचरवाको शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकार सुनिश्चित गर्नु पर्ने र लैङ्गिक भेदभाव बिना सबैलाई समान र उचित ज्याला सुनिश्चित गरिनुपर्ने माग गरेको छ ।

प्रेषित ज्ञापन पत्रमा आगामी आर्थिक बर्षको निति,कार्यक्रम र बजेटमा हरवाचरवाहाको पक्षमा निति,कार्यक्रम र बजेट बिनियोजन गरिनुपर्ने र हरवा चरवाहाको पहिचान,परिचयपत्र र पुन:स्थापनाका लागी स्थानिय तहबाट कार्यबिधि निर्माण गरिनुपर्ने लगायतका मागहरु गरिएको कमिटीका जिल्ला अध्यक्ष अमरदेव पासवानले बताए ।

त्यस्तै बाराको करैयामाइमा झगरु पासवान , रौतहटको बृन्दाबनमा दसरथ राम र सिरहाको औरहिमा श्यामसुन्दर सदाको अगुवाइमा ज्ञयापन पत्र बुझाइएको रौतहट जिल्ला सहजकर्ता सुबासहेब पासवानले बताए।


**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**लोहारपट्टी नगरपालिका, महोत्तरी**

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**बलवा नगरपालिका, महोत्तरी**

**सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं**

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**मटिहानी नगरपालिका, महोत्तरी**

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**भंगहा नगरपालिका, महोत्तरी**

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# बर्दिबासमा ५ दिने डिजिटल पत्रकारिता तालिम सम्पन्न




**खबर दर्पण समाचारदाता**
**फागुन २० गते, बर्दिवास**

डिजिटल पत्रकारितासम्बन्धी ५ दिने तालिम बर्दिबास-३, गौरि डाँडामा सम्पन्न भएको छ।
नेपाल प्रेस इन्स्टिच्युटको सहजीकरणमा बर्दिबास नगर पत्रकार सञ्जालको आयोजनामा तथा बर्दिबास नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालन गरिएको उक्त तालिम फागुन १४ गतेदेखि १८ गतेसम्म सञ्चालन भएको थियो।
तालिममा प्रशिक्षक अजय साह. नवराज बिष्ट र लिलाराज भट्टराईले डिजिटल पत्रकारिताका नयाँ प्रविधि, समाचार संकलनका प्रभावकारी विधिहरू, सञ्चार माध्यमको सदुपयोग तथा पत्रकारिताका नैतिक मान्यताका विषयमा प्रशिक्षण दिएका थिए।
तालिममा स्थानीय पत्रकार तथा सञ्चारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले तालिमले डिजिटल पत्रकारिताको क्षेत्रमा नयाँ ज्ञान हासिल गर्न मद्दत पुऱ्याएको प्रतिक्रिया दिएका छन्। आयोजक संस्थाले यस्ता कार्यक्रम आगामी दिनमा पनि निरन्तर सञ्चालन गर्ने जनाएको छ।
समापन तथा प्रमाणपत्र वितरण समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि वर्दिवास नगर पालिकाका मेयर प्रहलाद कुमार क्षेत्रीले नगरपालिकाले स्थानीय पत्रकारहरुको दक्षता र क्षमता अभिवृद्धिका लागि नगरपालिकाले निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।उनले यस्ता तालिमबाट पत्रकारको आफ्नो पेशामा थप टेवा पुग्ने र व्यवसायीक पत्रकारिता गर्ने मद्दत पुग्ने विश्वास व्यक्त गरे।
तालिममा सहभागी प्रशिक्षार्थीहरुले तालिम निकै उपलब्धी मुलक र धेरै चिज सिक्न पाएको तालिम अनुभव सुनाएका थिए ।

# माओवादी अभियान महोत्तरी पुगेर स्थगित



**खबर दर्पण समाचारदाता**
**फागुन २० गते, बर्दिवास**

माओवादीले 'जनतासँग माओवादी तराई मधेश जागरण अभियान' कार्यतालिका परिमार्जन गरेको छ ।
झापाबाट सुरु भएको अभियान महोत्तरी पुगेर तीन दिन स्थगित भएको छ । अभियान स्थगित गरी अध्यक्ष पुष्पकमल दाहाल लगायतका नेता काठमाडौं फर्केर पदाधिकारी बैठक गरेका छन् ।
बुधबार बिहान पदाधिकारी बैठक गरी सरकारले संसद्‌रुमा प्रस्तुत गर्न लागेको अध्यादेश, विपक्षी दलको तयारी र हुलाकी राजमार्गकेन्द्रित अभियानको समीक्षा गर्ने प्रवक्ता अग्नि सापकोटाले बताए । तीन दिन स्थगित भएको कार्यतालिका बिहीबार महोत्तरीबाट फेरि सुरु हुनेछ ।
परिमार्जित कार्यक्रमअनुसार महोत्तरीमा फागुन २२, सर्लाहीमा २३, रौतहटमा २४, बारामा २५, पर्सामा २६ गते अभियान चल्नेछ । त्यसपछि चितवन, बुटबल, नवलपुर, नवलपरासी पूर्व, परासी, नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर अभियान सञ्चालन हुने प्रवक्ता सापकोटाले बताए । माओवादीको अभियान चैत १२ मा समापन हुनेछ ।

**छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई पनि छोरा सरह उच्च शिक्षा दिऔं ।**


**नागरिकका लागी पालिकाको सूचना**
- नियमित कर तिरौं, सभ्य नागरिक बनौं ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाउ ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- अपाङ्गता परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं र दर्ता गरीसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविस्य निर्माण गरौं ।

मनरा सिस्वा नगरपालिका, महोत्तरी



**नागरिकका लागी पालिकाको सूचना**
- नियमित कर तिरौं, सभ्य नागरिक बनौं ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाउ ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- अपाङ्गता परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं र दर्ता गरीसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविस्य निर्माण गरौं ।



रामगोपालपुर नगरपालिका, महोत्तरी



**नागरिकका लागी पालिकाको सूचना**
- नियमित कर तिरौं, सभ्य नागरिक बनौं ।
- कृषि तथा पशु व्यवसायमा लगानी लगाउ ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- अपाङ्गता परिचयपत्रको लागी महिला बालबालिका शाखामा सम्पर्क गरौं ।
- दर्ता गरेर मात्र व्यवसाय संचालन गरौं र दर्ता गरीसकेका व्यवसायलाई सुचिकृत गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविस्य निर्माण गरौं ।



बर्दिवास नगरपालिका, महोत्तरी

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

औरही नगरपालिका, महोत्तरी



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,